

एक दशक अघि

# एक दशक पछि पुन: सडकमा


एक दशक पछि पुन: मानवअधिकारकर्मीहरू राष्ट्रिय मानवअधिकार आयोगको तत्काल गठनको माग गर्दै सडकमा ओर्लन बाध्य भए। आफ्नो आन्दोलन र संघर्षले जन्माएको राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारी विहीन भएको एक वर्ष बितिसक्दा पनि सरकारले कुनै ध्यान दिएन। आयोग गठन गर्ने तर्फ सरकारले चासो नदेखाए पछि मानवअधिकारकर्मीहरू सडकमा ओर्लिएका हुन। बिगतमा झैं बाजा, थाल बजाएर आयोगको गठनको माग गर्दै जुलुश निकालिएको थियो।

बिगतमा पनि मानवअधिकारकर्मीहरूले राष्ट्रिय मानव अधिकार आयोगको गठनका लागि दबाबमूलक कार्यक्रम तथा प्रदर्शनहरू गरेका थिए। फलस्वरुप २०५३ सालमा मानवअधिकार आयोग ऐन, २०५३ जारी भयो तर आयोगको गठन भएन। तर पनि विरोधमा मानवअधिकारकर्मीहरूले सशक्त आन्दोलन जारी नै राखे। देशका विभिन्न भागमा जुलुश, धर्ना, कोणसभा तथा प्रदर्शनहरू भए। सरकार कानमा तेल हालेर सुते सरहनै गरेपछि बाजा बजाएर जलुश निकालियो, अनशनको साथै सर्वोच्च अदालतमा २०५५ सालमा रिट समेत दायर गरियो। सर्वोच्च अदालतले २०५६ असार २९ गते रिट उपर फैसला गर्दै मानवअधिकार आयोग ऐन विना कारण निस्क्रिय गराई राख्नु उपयुक्त नहुने भन्ने वाक्यांश राखी आयोग गठन गर्ने गराउने भन्ने परमादेश जारी गरेको थियो। तर पनि सरकारले आयोग गठन गरेन। मानव अधिकारकर्मीहरूले आन्दोलन जारीनै राखे। ऐन लागू भएको झण्डै चार वर्ष पछि अर्थात २०५७ जेठ १३ गते नयनबहादुर खत्रीको अध्यक्षतामा आयोगको गठन गरियो। जसमा सुशील प्याकुरेल, कपिल श्रेष्ठ, इन्दिरा राणा तथा डा.गौरी शंकरलाल दास सदस्यहरु रहनु भएको थियो।

सरकारसँग आयोग गठनको विकल्प छैन। आयोग गठनमा अझै ढिलाई हुने हो भने मानवअधिकारकर्मीहरूले बिगतमा गरेको भन्दा सशक्त आन्दोलन गर्न पछि पर्ने छैनन्।

– बिमलचन्द्र शर्मा








एक दशक पछि